# बिलिभर्स इस्टर्न चर्च

## गोठालोको पत्र

**मार्च-अप्रिल २०२४**

सबै आर्चबिसप, बिसप, याजक, डिकन फादर, प्रचारक, सेवक-सेविका, एसओसी सिस्टर्स र विश्वव्यापी बिलिभर्स इस्टर्न चर्चका सबै विश्वासयोग्य जनहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा आशिष् तथा अभिवादन! आमेन।

ख्रिस्टमा मेरा प्रिय दाजुभाइ तथा दिदी-बहिनी हो,

ख्रिस्ट फेरि जीवित भई उठ्नुभएको छ! साँच्चै नै, उहाँ जीवित भई उठ्नुभएको छ!

एउटा चर्चको रुपमा हामीले महान् लेन्ट र ईस्टर पर्वको समयलाई पूरा गरेका छौं। म आशा गर्छु, यो हामी सबैका निम्ति ख्रिस्टसितको हिंडाइमा उहाँसित अझ घनिष्ठ रुपले बढ्दै जाने एउटा सुन्दर अनुभव भएको छ। पश्चात्तापको आत्मा र ख्रिस्ट पुनर्जीवित हुनुभएको घोषणा गर्ने आनन्द सधैं नै हाम्रो जीवनको भाग बनिरहोस्।

कृपया, यो कुरा याद राख्नुहोस् कि यस पृथ्वीमा जिएको समयमा हामी अझ बढी ख्रिस्टजस्तो बन्ने हाम्रो यात्रा सुरु भएको छ। चर्चद्वारा हामीले क्रिस्चियन संस्कारको जीवन प्राप्त गर्दछौं। जब हामी चर्चको क्यालेन्डर साथै चर्चका विश्वास तथा परम्परा (अभ्यास)हरु पालना गर्न अनुशासित र विश्वासयोग्य बन्छौं तब यो हाम्रो जिउने शैली बन्दछ।

हाम्रा घरलाई "ससाना चर्चहरु" भनिन्छ, किनकि घरमा नै वास्तवमा हाम्रो विश्वासको अभ्यास गरिन्छ, र भावी पुस्तालाई ती हस्तान्तरण गरिन्छ। तर हामीले आफ्ना छोराछोरी, नातिनातिना र छिमेकीहरुलाई यो जीवित विश्वास कसरी हस्तान्तरण गर्ने? म तपाईंलाई यो हस्तान्तरण गर्ने एउटा राम्रो तरिका बताउँछु। भर्खरै हाम्रो चर्चले "पारिवारिक प्रार्थनाको लिटर्जी" नामक सानो पुस्तिका प्रकाशित गरेको छ। यसले हामीलाई एक परिवारको रुपमा व्यावहारिक रुपले कुन विषयका निम्ति र कसरी प्रार्थना गर्ने भनी सिकाउँछ। यसले हामीलाई प्रार्थनाको वेदी निर्माण गर्ने उपयोगी दिशानिर्देशन पनि दिंदछ। यो पुस्तिका सबै भाषामा अनुवाद र प्रकाशित गर्न लागिएको छ, अनि तपाईंका याजकले तपाईंहरु सबैलाई यो पुस्तिका प्राप्त गर्न सहायता गर्ने छन्। जब तपाईंहरु चर्चले हामीलाई देखाएको तरिकाले प्रार्थना गर्ने अभ्यास गर्न थाल्नुहुने छ, तब परमेश्वरले तपाईंका प्रार्थनाहरुको उत्तर मात्र नदिएर तपाईंको परिवारलाई छिमेकका अरु परिवारहरुका निम्ति एउटा आशिष् बनाउनुहुने छ।

अर्को पुस्तालाई विश्वास हस्तान्तरण गर्ने अर्को राम्रो मौका "बाल दिवस शिविर" हो, जुन हाम्रो संसारभरका चर्चहरुले आयोजना गर्न लागेका छन्। म विश्वास गर्छु, तपाईंहरुको आफ्नो डायोसिसबाट तपाईंहरुले यस विषयमा सबै दिशानिर्देशन प्राप्त गरिसक्नुभएको छ। म तपाईंहरु सबैसँग आग्रह गर्दछु, तपाईंहरुले आ-आफ्नो प्यारिस(स्थानीय चर्च)का बाल-बालिकाहरुका निम्ति यसलाई एक स्मरणीय र आनन्दको अनुभव बनाउनुहोस्। अरु बाल-बालिकाहरुलाई पनि निश्चित रुपमा आमन्त्रित गर्नुहोस्, किनकि यी पाठहरुले हाम्रा छोराछोरीलाई तिनीहरु ससाना छँदै सकारात्मक मूल्य-मान्यताहरु विकास गर्न सहायता गर्ने छन्।

जवानहरु हाम्रो चर्च र हाम्रो देशका भविष्य हुन्। हाम्रा जवानहरुलाई विश्वासको बलियो जग र परमेश्वरका मार्गहरुमा हुर्कायौं भने मात्र उनीहरु चर्चप्रति वफादार रहन्छन्, अनि तिनीहरु जहाँ-जहाँ छन् त्यहाँ ख्रिस्ट र उहाँको चर्चको प्रतिनिधित्व गर्छन्, र पवित्र चर्चको सेवा गर्न आफ्नो जीवन समर्पण गर्न इच्छुक हुन्छन्। अनि मसँग उनीहरुका लागि केही उत्साहजनक खबर छ! हाम्रो चर्चको बिलिभर्स युथ विभागले आगामी अक्टुबर ९-१३, २०२४ मा पवित्र सिनड मुख्यालयमा बृहत् जवान सम्मेलन आयोजना गर्ने योजना बनाएको छ। त्यस सम्मेलनमा संसारभरका हाम्रा चर्चहरुबाट प्रतिनिधिहरु आउने छन्, त्यो सम्मेलन उनीहरुको जीवनमा सङ्गति, प्रोत्साहन र नवीकरणको अद्भुत समय हुने छ। कृपया यस सम्मेलनका निम्ति नियमित प्रार्थना गर्नुहोस्, र यसमा सहभागी हुन लागेका जवानहरुका लागि प्रार्थना गर्नुहोस्।

मेरा प्रिय विश्वासीयोग्य दाजुभाइ तथा दिदी-बहिनी हो, म तपाईंहरु सबैमा भएको चर्चप्रतिको विश्वासयोग्यताका लागि र ख्रिस्ट हाम्रा प्रभुजस्तै बन्ने तपाईंको तिर्सनाका लागि गर्व गर्दछु। हामी सबैका लागि मेरो सबैभन्दा ठुलो चाहना यही छ कि हामी अरुप्रति भएको हाम्रो प्रेमद्वारा चिनिन सकौं।

✠ पवित्र त्रिएक परमेश्वरले उहाँको दयामा हामीलाई निरन्तर अगुवाइ गरिरहुन्।

ख्रिस्टमा तपाईंका पिता,



अथनेसियस योहान I मेट्रोपोलिटन

मिति: २२ अप्रिल, २०२४

स्थान: पवित्र सिनड